# नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारुप

रेड कार्यान्वयन केन्द्र

## १. परिचय

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्बन्धी प्रारूप महासन्धी (UNFCCC) लगायत विभिन्न अर्न्तराष्ट्रिय वातावरण सम्बन्धी सन्धी, सम्झौतामा हस्ताक्षर गरेको नेपाल सन् २००८ देखी रेडप्लस सम्बन्धी प्रकृयामा सहभागी भइरहेको छ । यसै शिलसिलामा सन् २०१० देखि विश्व बैङ्को वन कार्बन साझेदारी कार्यक्रम (FCPF) को सहयोगमा नेपालले औपचारिक रूपमा रेडप्लसको तयारीको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न शुरूवात गरेको हो । वन कार्बन साझेदारी संयन्त्रको रेडप्लस तयारी कोषबाट पहिलो चरणको तयारी परियोजना कार्यान्वयन गर्न ३४,००,००० अमेरिकी डलर तथा सन् २०१६ देखि दोस्रो चरणको तयारी परियोजना कार्यान्वयन गर्न ५२,००,००० अमेरिकी डलर अनुदान स्वरूप प्राप्त भइ रेडप्लस तयारी सम्बन्धि विभिन्न कार्यक्रमहरू पुरा भइसकेका छन् भने केही बाँकी कामहरू आ. व. २०७७/७८ मा पुरा गर्ने लक्ष्य रहेको छ । नेपालले तराई भू-परिधि क्षेत्रका १३ जिल्लाहरूमा सञ्चालन गर्नेगरी तयार गरेको उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज वन कार्बन साझेदारी कार्यक्रमको कार्वन कोषबाट स्वीकृत भइसकेकोले नेपाल सरकार र विश्व बैङ्क बीच छिट्टै उत्सर्जन न्यूनीकरण भुक्तानी सम्बन्धि सम्झौता (Emission Reduction Payment Agreement) मा हस्ताक्षर भइ नेपाल रेडप्लसको कार्यान्वयन चरणमा प्रवेश गर्न गइरहेको छ ।

नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेजले सात वटा कार्यक्रमहरूको कार्यान्वयन मार्फत वन विनास तथा वन क्षयीकरणबाट हुने वन कार्वनको उत्सर्जन कम गर्नुका साथै अन्य गैरकार्वन लाभहरू प्राप्त गर्ने लक्ष्य राखेको पाइन्छ । ती सात वटा कार्यक्रमहरू यस प्रकार रहेका छन् ।

१) परम्परागत अभ्यास समेत समावेश गर्दै विद्यमान सामुदायिक तथा साझेदारी वनको व्यवस्थापनमा सुधार गर्ने,

२) विद्यमान राष्ट्रिय वनलाई सामुदायिक तथा साझेदारी वनको रूपमा हस्तान्तरण गर्दै वन क्षेत्रको शुसाशनमा वृद्धि गर्ने,

३) वित्तिय तथा प्रचार प्रसारको पहुँचमा सुधार गरी वन क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित गर्ने,

४) सुधारिएको चुल्हो र गोबर ग्याँस जस्ता वैकल्पिक उर्जाको पहुँच वृद्धि गर्ने,

५) गरिवीका रेखामुनीका समुदायको लागि कबुलियती वन कार्यक्रम वृद्धि गर्ने,

६) एकिकृत भू-उपयोग योजना तर्जुमा गरी पुर्वाधार विकासको लागि हुने वन क्षेत्रको भू-उपयोग परिवर्तनलाई न्यूनीकरण गर्ने र

७) संरक्षित क्षेत्रको व्यवस्थापन क्षमता मजबुत गर्ने ।

प्रस्तावित उत्सर्जन न्यूनीकरण कार्यक्रमहरू कार्यान्वयन गर्दा धेरै किसिमका वातावरणीय तथा सामाजिक फाइदाहरू हुने भएतापनि कार्यक्रमहरू कार्यान्वयन गर्दा पुर्णरूपमा सावधानी अपनाउन सकिएन भने केही नकारात्मक असरहरू समेत पर्न सक्दछन् । रेडप्लस अर्न्तगत उत्सर्जन कटौति कार्यक्रम सञ्चालन गरी अन्तर्राष्ट्रिय संस्था मार्फत् नतिजामा आधारित वित्तिय भुक्तानी प्राप्त गर्न रेडप्लस सम्बन्धि क्यानकुन सुरक्षा उपायहरूको समेत पूर्णरूपमा पालना गरिएको हुनु पर्दछ । नेपालको प्रचलित ऐन, नियमले समेत विकास आयोजना तथा परियोजना कार्यान्वयन गर्दा विभिन्न वातावरणीय तथा सामाजिक सुरक्षाका निश्चित मापदण्ड पुरा गर्नु पर्ने व्यवस्था गरेका छन् । यसका साथै विश्व बैङ्को वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धि नीति अनुसार कुनै पनि कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्नु पूर्व त्यसवाट सृजना हुनसक्ने नकारात्मक वातावरणीय तथा सामाजिक असरहरूलाई कम गर्न विभिन्न मापदण्ड पुरा गर्नु पर्ने हुन्छ ।

यसरी नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेजमा प्रस्तावित कार्यक्रमहरू कार्यान्वयन गर्दा हुने सकारात्मक तथा नकारात्मक असरहरू र ती नकारात्मक असर हरूलाई कम गर्न अपनाउनु पर्ने उपायहरूका बारेमा सम्बन्धित सवै सरोकारवालाहरूसँग परामर्श गरी विश्व बैङ्को वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धि नीति अनुसार रेडप्लस अन्तर्गत नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारूप (Environmental and Social Management Framework of the Emission Reduction Program) तयार गरीएको छ ।

## २. उद्देश्य

उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्दा उत्पन्न हुन सक्ने विभिन्न वातावरणीय तथा सामाजिक मुद्दाहरूको साथै असरहरूको प्रभावकारी रूपमा व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने प्रकृया, विधि र पुरा गर्नुपर्ने मापदण्डको बारेमा समष्टिगत रूपमा जानकारी प्रदान गर्नु उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारूपको मुख्य उद्देश्य हो । यसका अन्य उद्देश्यहरू यस प्रकार छन् ।

- प्रस्तावित कार्यक्रमहरूको संभावित वातावरणीय तथा सामाजिक जोखिमहरूको पहिचान गर्ने ।
- संभावित वातावरणीय तथा सामाजिक जोखिमहरूको न्यूनीकरणको लागि प्रचलित नीति, ऐन, नियममा भएका व्यवस्थाको पहिचान गर्ने ।
- पहिचान भएका संभावित वातावरणीय तथा सामाजिक जोखिमलाई विश्व बैङ्क तथा क्यानकुन सुरक्षा नीतिसंग जोड्ने ।
- संभावित वातावरणीय तथा सामाजिक जोखिमको न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक विधि, प्रकृया र संरचना सहितको उपयुक्त प्रारुप प्रस्ताव गर्ने ।
- उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक पक्षहरूको प्रभावकारी व्यवस्थापनको लागि आवश्यक पर्ने विधि तथा प्रकृयाको बारेमा आधारभुत निर्देशन तथा सुझावहरू प्रदान गर्ने ।

## ३. उत्सर्जन न्यूनीकरण कार्यक्रमका सम्भावित सकारात्मक असरहरू

उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यान्वयनबाट वातावरणीय तथा सामाजिक क्षेत्रमा विभिन्न सकारात्मक असरहरू पर्ने देखिन्छ। पहिचान गरिएका संभावित सकारात्मक सामाजिक असरहरूमा मुख्य गरी स्थानीय सरोकारवालाहरूको आय आर्जन वृद्धिको लागि क्षमता अभिवृद्धि, वन पैदावारमा सहज पहुँच, शुसासन, लाभको समतामुलक बाँडफाँड, समावेशी निर्णय प्रकृया, वन पैदावारमा आधारित उद्यम, पर्यापर्यटन र एकिकृत योजना तर्जुमाका कारण स्थानीय अर्थतन्त्रमा सुधार, आदि रहेका छन्। स्वास्थ्य क्षेत्रमा समेत सकारात्मक असरहरू पर्न सक्ने देखिन्छ, जस्तैः गोवर ग्याँस तथा सुधारिएको चुल्होको कारण घरमा धुवाँरहित भान्साको विकास हुनेछ साथै महिलाहरूको दाउरा संकलन गर्न लाग्ने समय समेत वचत हुनेछ । अझ महत्वपुर्ण रूपमा कार्वन उत्सर्जन न्यूनीकरण तथा कार्वन संश्लेषणको वृद्धि मार्फत प्राप्त हुने रकमले मुख्य रूपमा वनमा आश्रित समुदाय केन्द्रित सामुदायिक विकासका कृयाकलापहरू सञ्चालन हुनेछन् ।

पहिचान गरिएको संभावित सकारात्मक वातावरणीय असरको रूपमा वनको दिगो व्यवस्थापनलाई लिइएको छ । अन्य सकारात्मक वातावरणीय प्रभावहरूमा कार्वन शोसणमा अभिवृद्धि, व्यवस्थित पारिस्थितिकीय सेवा, वन विनास र वन क्षयीकरणमा कमि, जैविक विविधता संरक्षण, प्राकृतिक पुनरोत्पादन अभिवृद्धि, भू-परिधि पुर्नस्थापना, दुर्लभ वनस्पति र वन्यजन्तुको संरक्षण, हरियाली वृद्धि, परियोजना क्षेत्रको पारिस्थितिक अखण्डता कायम हुनेछन् ।

## ४. वातावरणीय तथा सामाजिक सुरक्षासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति तथा कानूनहरु

रेडप्लस अन्तर्गत नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने पक्षका साथै यसबाट हुन सक्ने वातावरणीय तथा सामाजिक जोखिमलाई सम्बोधन गर्न नेपालमा राष्ट्रियस्तरमा विभिन्न नीति, ऐन, नियमहरू, निर्देशिका तथा कार्यविधिहरू प्रचलनमा रहि आएका छन् । नेपालको संविधान, राष्ट्रिय वन नीति, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायू परिवर्तन नीति, वन क्षेत्रको रणनीति, वन ऐन, वातावरण संरक्षण ऐन मुख्य रहेका छन् । जैविक विविधता रणनीति र कार्ययोजना, लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, सुशासन ऐन, आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, सुचनाको हक सम्बन्धी ऐन आदिमा भएका व्यवस्थाहरू समेत उत्सर्जन न्यूनीकरण कार्यक्रमको लागि सान्दर्भिक छन् ।

अन्तर्राष्ट्रियस्तरमा रहेका सान्दर्भिक नीतिहरूमा विश्व बैङ्कको सेफगार्ड नीति, रेडप्लस सेफगार्ड सिद्धान्त, आइएलओ १६९, आदिवासी जनअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघका घोषणा, जैविक विविधता सम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन र रामसार सम्मेलन आदि रहेका छन् ।

नेपालको रेडप्लस उत्सर्जन न्यूनीकरण कार्यक्रम विश्व बैङ्को वन कार्बन साझेदारी कार्यक्रमको कार्वन कोष अर्न्तगत कार्यान्वयन हुने भएकोले मुख्यरूपमा विश्व बैङ्को वातावरणीय तथा सामाजिक सुरक्षा नीति अनुसार पुरा गर्नुपर्ने मापदण्डहरू उत्सर्जन न्यूनीकरण कार्यक्रमको सन्दर्भमा लागू हुन्छन् भने रेडप्लस सम्बन्धि क्यानकुन सुरक्षा नीतिहरू समेत आकर्षण हुन्छन् । उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्दा लागू हुने विश्व

बैङ्कको वातावरणीय तथा सामाजिक सुरक्षा नीति तथा प्रकृयाहरू यस प्रकार छन् ।

| विश्व बैङ्कको वातावरणीय तथा सामाजिक सुरक्षा नीतिका प्रावधान | लागू हुने उत्सर्जन न्युनिकरण कार्यक्रम अन्तर्गतका कृयाकलापहरु |
|---|---|
| वातावरणीय परिक्षण Environmental assessment (OP/BP4.01) | १, २, ३, ४, ५, ६ |
| प्राकृतिक वासस्थान Natural habitats (OP/BP4.04) | १, २, ७ |
| वन Forests (OP/BP 4.36) | १, २, ३, ५, ६ |
| किट व्यवस्थापन Pest management (OP/BP 4.09) | ३, ५ |
| भौतिक सांस्कृतिक स्रोतहरू Physical cultural resources (OP/BP4.11) | ६ |
| आदिवासी Indigenous peoples (OP/BP4.10) | १, २, ४, ५, ६, ७ |
| बाध्यात्मक पुनर्वास Involuntary resettlement (OP/BP 4.12) | १, ५, ७ |

नोटः १ देखी ७ सम्मका नम्वरले उत्सर्जन न्युनीकरण कार्यक्रम दस्तावेजमा उल्लेखीत (यसको पेज १ मा उल्लेख भए बमोजिमका) सातवटा प्रस्तावित कार्यक्रमहरूलाई जनाउँछ ।

विद्यमान राष्ट्रिय नीति तथा कानूनमा भएका व्यवस्था र विश्व बैङ्कको नीति तथा मापदण्डको आधारमा प्रस्तावित कृयाकलापहरूको जोखिम विश्लेषण गरी केही विषयहरू (जस्तै, गुनासो हटाउने संयन्त्र, परम्परागत र सांस्कृतिक अधिकारहरू तथा संसाधनहरूको उपयोगमा पहुँच, वनमा आश्रित गरिब, सीमान्तकृत, आदिवासी जनता र महिलाको समता र समावेशी अधिकार र न्यायोचित लाभ बाँडफाँट संयन्त्र) मा प्रकृयागत, संस्थागत र क्षमतासंग सम्बन्धित अन्तराल (Gap) पहिचान गरिएको छ ।

## ५. उत्सर्जन न्यूनीकरण कार्यक्रमका संभावित जोखिम तथा न्यूनीकरणका उपायहरु

उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यान्वयनबाट वातावरणीय तथा सामाजिक क्षेत्रमा विभिन्न नकारात्मक असरहरू समेत पर्न सक्ने संभावना हुन्छ । पहिचान गरीएका संभावित वातावरणीय जोखिमहरूमा वन व्यवस्थापनवाट प्रजाति संरचनामा परिवर्तन, कटान क्षेत्रको जैविक विविधतामा क्षति, जल प्रदुषण, एकल प्रजातिको वृक्षरोपणको जोखिम, सांस्कृतिक महत्वका प्रजातिहरूको नोक्सानी, रोग किराको प्रकोप, कटान क्षेत्रमा वन अतिक्रमण, बाढी, सतह मुनिको पानीको तह विनास, वन डढेलो, अद्धितिय वासस्थानमा जोखिम, आदि रहेका छन् ।

त्यस्तै, संभावित सामाजिक जोखिमहरूमा साँस्कृतिक तथा परम्परागत अभ्यासमा श्रोतको पहुँच तथा उपयोगमा जोखिम, सरोकारवालाहरूको अपेक्षा पुरा नभएमा हुने निराशा, फसल संकलनको क्रममा हुने सुरक्षासँग सम्बन्धित जोखिम, समुदाय तथा उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने निकाय विच हुने विवाद, आदिवासी, महिला तथा सिमान्तकृत समुदायको अधिकार, ऐतिहासिक क्षेत्र तथा चिहान मैदानको जोखिम, कुलिन कब्जाको जोखिम, बहिस्कार, सिमान्तकरण, भ्रष्टाचार, मानव वन्यजन्तु द्वन्दको जोखिम, आदि रहेका छन् ।

उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेजको वातावरणीय र सामाजिक व्यवस्थापन अन्तर्गत उत्सर्जन न्यूनीकरण कार्यक्रमले पहिचान गरेका वातावरणीय र सामाजिक जोखिमहरूको लागि न्यूनीकरणका उपायहरूको सुझाव दिइएको छ । कार्यक्रम तथा उपकार्यक्रमहरूको वातावरणीय र सामाजिक छनौट (स्क्रिनिंग) प्रकृया पनि प्रदान गरिएको छ । प्रस्तावित कार्यक्रम तथा उपकार्यक्रमहरूको वर्गीकरण गरी प्रत्येक गतिविधीहरू कार्यान्वयन गर्नु अघि सामाजिक प्रभाव मुल्याङ्कनको प्रकृयावाट संभावित प्रभावहरूको विवरण लिई व्यवस्थापन गर्ने तथा वातावरणीय र सामाजिक सुरक्षा संयन्त्रहरू (Safeguards instruments) को वारेमा विस्तृतीकरण गरिएको छ ।

## ६. अन्य प्रारुप तथा कार्ययोजनाहरु

उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रतिवेदनमा कार्यक्रम कार्यान्वयन गर्नु पूर्व पुरा गर्नु पर्ने देहायका पक्षमा आधारभूत सिद्धान्तहरूको विवेचना सहित आवश्यक प्रकृया तथा विधिहरू र प्रारुप तथा योजनाहरू समावेश गरीएको छ ।

**आदिवासी र सिमान्तकृत समुदाय विकास रुपरेखा** (Indigenous People and Vulnerable Communities Development Framework): उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा बसोवास गर्ने र परियोजनाको कार्यान्वयनबाट असर पर्न सक्ने आदिवासी जनजाति तथा सिमान्तकृत समुदायसँग व्यापक रूपमा छलफल र परामर्श गरी परियोजना सम्बन्धि कृयाकलापहरूको छनौट तथा कार्यान्वयन गर्दा अपनाउनु पर्ने विधि र प्रकृया सम्बन्धि व्यवस्था गरिएको छ । आदिवासी जनजाति र सिमान्तकृत समुदायसँग सम्बन्धित मुद्दाहरू सम्बोधन गर्ने र परियोजना कार्यान्वयन गर्नु अगाडि स्वतन्त्र पूर्व सुसूचित सहमति (Free and Prior Informed Consent) सम्बन्धि सिद्धान्त तथा प्रकृयाको बारेमा जानकारी प्रदान गरीएको छ ।

**लैंगिक मुलप्रवाहीकरण योजना** (Gender Mainstreaming Plan): यो योजनाले खासगरी लैंगिक समानताको लक्ष्य प्राप्त गर्न संयुक्त राष्ट्रसंघको बेइजिङ प्लेटफर्म र दीगो विकास सम्बन्धि लक्ष्य २०३० का सिद्धान्तहरूको आधारमा "कोहि पनि पछाडि नछुटोस्" भन्ने रणनैतिक दृष्टिकोण र योजना प्रस्ताव गरेको छ ।

**सम्मानजनक काम सम्बन्धि प्रारुप** (Decent Work Planning Framework): यसले उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यान्वयनको चरणमा संलग्न हुने मजदुरहरूको सुरक्षा तथा सुविधाको माध्यमवाट उनीहरूलाई सम्मानजनक जीवन यापन गर्न पाउने अधिकारको सुनिश्चिततामा जोड दिन्छ । यसले वनकर्मीहरूको उत्पादन कार्यलाई बढावा दिन स्वतन्त्रता, समता, सुरक्षा र मानवीय मर्यादा जस्ता संयुक्त राष्ट्र संघ र विश्व बैङ्को आवश्यकताहरूको पालना गर्ने कुरामा जोड दिएको छ ।

**पुनर्वास नीति सम्बन्धी प्रारुप** (Resettlement Policy Framework): उत्सर्जन न्यूनीकरण कार्यक्रमले स्थानीय समुदायबाट कुनै पनि किसिमको जग्गा वा सम्पत्ति अधिग्रहण गर्ने उद्देश्य राख्दैन । यद्यपि कार्यक्रमको कार्यान्वयनको चरणमा अनपेक्षित रूपमा स्थानीय समुदायहरूको जग्गा वा सम्पत्तिको अधिग्रहण गर्नु पर्ने बाध्यात्मक अवस्थाको सिर्जना भयो अथवा धन सम्पत्तिको नोक्सानीको कारणबाट अन्य क्षेत्रमा वसाई सराई गरी पुनर्वासको व्यवस्था मिलाउनु पर्ने अवस्था आएमा अपनाउनु पर्ने विधि तथा प्रकृयाका साथै त्यस्तो असर पर्ने परिवार तथा व्यक्तिहरूलाई प्रदान गर्नु पर्ने सहयोग र क्षतिपूर्ति लगायतका व्यवस्थाहरू प्रस्ताव गरिएको छ ।

**प्रकृया ढाँचा** (Process Framework): यसले मुख्य रूपमा कार्यक्रम कार्यान्वयनको चरणमा कानूनी रूपमा स्थापित राष्ट्रिय निकुन्जहरू तथा अन्य संरक्षित क्षेत्रहरूको पहुँचमा अवरोध तथा प्रतिबन्ध लाग्ने संभावना भएमा त्यस्तो प्रतिवन्धबाट प्रभावित हुने समुदाय, परिवार र व्यक्तिहरूसंग छलफल तथा परामर्श गरी उनीहरूलाई प्रदान गर्नुपर्ने सुविधा र क्षतिपूर्ति समेत अन्य नकारात्मक सामाजिक प्रभावलाई न्यूनिकरण गर्न अपनाउनु पर्ने विधि र प्रकृयाको बारेमा जानकारी प्रदान गर्दछ । यस खाकाले विद्यमान राष्ट्रिय तथा अर्न्तराष्ट्रिय नीति र वन श्रोत लगायतका प्राकृतिक स्रोत साधनहरूमा पहुँचको प्रतिबन्ध सम्बन्धी कानुनी ढाँचाको विश्लेषण गर्दछ ।

## ७. वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारुपको कार्यान्वयन संयन्त्र

उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारूपमा उल्लेखित वातावरणीय तथा सामाजिक व्यवस्थापनका विभिन्न पक्षहरूलाई सम्बोधन गर्न साथै आदिवासी जनजाति र सिमान्तकृत समुदाय विकास रूपरेखा, लैंगिक मुलप्रवाहीकरण योजना, सम्मानजनक काम सम्बन्धि प्रारूप, पुनर्वास नीति सम्बन्धि प्रारूप तथा प्रकृया रूपरेखाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सिद्धान्त र संस्थागत संरचना लगायत निम्न विषयहरू रहेका छन् ।

- वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणाली
- सङ्घीय, प्रदेश तथा स्थानीय स्तरका प्रस्तावित संस्थागत संरचना
- सरोकारवालाहरूको पहिचान तथा तिनीहरूको संलग्नता सम्बन्धि योजना
- सुचना प्रकाशन तथा प्रवाह
- सरोकारवालाहरूसँग अर्थपूर्ण परामर्शको प्रकृया तथा स्वतन्त्र पुर्व सुसूचित सहमतिका मुख्य अंशहरू
- गुनासो व्यवस्थापन सम्बन्धि व्यवस्था तथा प्रकृया
- आवश्यक पर्ने क्षमता अभिबृद्धि सम्बन्धि जानकारी
- अनुमानित बजेट ।

## ८. अनुगमन तथा मूल्याङ्कन सम्बन्धि व्यवस्था

उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारूप प्रतिवेदनको कार्यान्वयनको आन्तरिक तथा बाह्य अनुगमन तथा मूल्याङ्कन गरिने, सो को लागी जिम्मेवार निकायको पहिचान, अनुगमन खाकामा समुदायस्तर देखी राष्ट्रियस्तर सम्मको विभिन्न तह तथा निकायबाट हुने अनुगमन तथा सो को प्रकृया साथै दोहोरो अनुगमन (तलदेखी माथिसम्म र माथिदेखी तलसम्म) को बारेमा व्यवस्था गरिएको छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं

फोन नं. : ०१-४२३९१२६
इमेल : info@redd.gov.np
वेभसाइट : www.redd.gov.np

तयार गर्नेः यज्ञमूर्ति खनाल, बुद्धिसागर पौडेल, शंकर अधिकारी र पशुपतिनाथ कोइराला